श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको ऐन नं. २४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### मालपोत ऐन, २०३४ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः मालपोत ऐन, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "मालपोत (तेश्रो संशोधन) ऐन, २०४६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मालपोत ऐन, २०३४ को दफा ८ मा संशोधनः मालपोत ऐन, २०३४ (यसपछि "मूल ऐन" भनिएको) को दफा ८ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१क) प्रचलित नेपाल कानूनबमोजिम भएको मिलापत्रको आधारमा मालपोत कार्यालयले जग्गा दर्ता वा दाखिल खारेज गर्दा सम्बन्धित जग्गाको साविक दर्ता, मोठ वा नम्बरीसंग भिड्न आएमा मात्र दर्ता वा दाखिल खारेज गर्नेछ ।"

३. मूल ऐनमा दफा ८क. थप: मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छ:–

"८क. नापी नक्सा अद्यावधिक गर्ने: (१) दफा ७ र ८ बमोजिम कायम भएको दर्ता श्रेस्ता अनुरूप नापी नक्सामा संशोधन गर्नु पर्ने भएमा मालपोत कार्यालयले सम्बन्धित नापी कार्यालयमा लेखी पठाउनु पर्नेछ र त्यसरी लेखी आएपछि नापी कार्यालयले पनि नापी नक्सामा आवश्यक संशोधन गर्नु पर्नेछ ।

(२) जग्गाको वास्तविक स्थिति र नापी नक्सामा एकरूपता नभएको देखिएमा मालपोत कार्यालयले नापी नक्सामा सुधार गर्न नापी विभागमा लेखी पठाउनु पर्नेछ र त्यसरी लेखी आएपछि नापी विभागले नापी नक्सामा आवश्यक सुधार गर्नु गराउनु पर्नेछ ।"

४. मूल ऐनको दफा १४ मा संशोधन: मूल ऐनको दफा १४ मा रहेका "श्रावण १५ गते" भन्ने शब्दहरूको सट्टा "आश्विन मसान्त" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल ऐनको दफा १६ मा संशोधनः मूल ऐनको दफा १६ को,–

(१) उपदफा (२) मा रहेका "भाद्र मसान्त सम्ममा" भन्ने शब्दहरूको सट्टा "मंसीर महीनादेखि शुरू" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (६) मा रहेका "१५ प्रतिशत" भन्ने शब्दहरूको सट्टा "दश प्रतिशत" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल ऐनको दफा २१ मा संशोधनः मूल ऐनको दफा २१ को उपदफा (१) मा रहेका "बाली नोक्सानी" भन्ने शब्दहरूको सट्टा "मुख्य बाली नोक्सानी" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४६।७।११।६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।